विज्ञापन आचारसंहिताको पालना गरौं ।
विज्ञापन आचारसंहिताले
- विज्ञापन बोर्डमा सूचीकृत सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापन कारोबार गर्ने व्यवस्था गरेको छ ।
- विज्ञापन कारोबार गर्ने सञ्चारमाध्यम र विज्ञापन एजेन्सी विज्ञापन बोर्डमा सूचीकरण गरौं ।

विज्ञापन व्यवसायलाई स्वच्छ र पारदर्शी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com




❖ वर्ष ३५ ❖ २०७९ साउन १३ गते शुक्रबार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 July 29 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३३१

## एम्बुलेन्स नहुँदा बिरामीलाई सास्ती

# पाँच वर्षमा ५०६ सर्पदंशका बिरामीको सफल उपचार

प्रस, निजगढ, १२ साउन/

निजगढ नगरपालिका–९ स्थित प्राथमिक स्वास्थ्य केन्द्रमा प्राथमिक स्वास्थ्य उपचार, प्रसूति सेवा र सर्पदंश उपचार सेवा सञ्चालनमा छन् । प्रसूति र सर्पदंश उपचार सेवामा बिरामीहरूलाई थप आवश्यक उपचारका लागि एम्बुलेन्स आउन ढिलासुस्ती हुँदा बिरामीको अवस्था जटिल हुने गरेको स्वास्थ्यकर्मीहरूले बताए ।

त्यसैगरी, तराई–मधेसका बस्तीहरूमा गर्मी र वर्षायाममा बेला सर्पदंशका बिरामी बढ्ने गरेका छन् । बाराको निजगढ नगरपालिकामा पाँच वर्षको सर्पदंशको उपचार पाएका १३५ जनामध्ये १३ जनालाई विषालु सर्पले डसेको थियो । २०७७ साउनदेखि २०७८ असारसम्ममा १०६ जना सर्पदंशका बिरामीमध्ये तीनजनालाई विषालु सर्पले डसेको रेकर्ड छ । त्यसैगरी, २०७८ साउनदेखि २०७९ असारसम्म ६६ जना सर्पदंशका



तस्वीरः प्रतीक

सुविधासम्पन्न अस्पतालमा रेफर गर्नुपर्दा एम्बुलेन्स नहुँदा उपचारमा जटिलता थपिएको छ । यस्तो बेलामा केन्द्रमा २४सैं घण्टा एम्बुलेन्स उपलब्ध हुनुपर्ने आवश्यक रहे पनि एम्बुलेन्सको लागि घण्टौं कुनुपर्ने स्वास्थ्यकर्मीहरूको भनाइ छ । केन्द्रका लागि २४सैं घण्टा कम्तीमा एउटा एम्बुलेन्स भइरहनुपर्नेमा निजगढ नगरपालिकाको स्वामित्वमा रहेको एकमात्र एम्बुलेन्स बढीजसो अन्यत्र नै रहने गरेको बुझिएको छ । बिरामीको स्वास्थ्यमा जटिल समस्या भई अन्यत्र अस्पतालमा रेफर गर्दा नगरपालिकाको अवधिमा ५०६ जना सर्पदंशका बिरामीहरूले सफल उपचार पाएको प्राथमिक स्वास्थ्य केन्द्र, निजगढको सर्पदंश उपचार कक्षको रेकर्डले देखाएको छ । २०७४ साउनदेखि २०७५ असारसम्म १०९ जना सर्पदंशका बिरामीले उपचार सफल पाए । जसमा २४ जनालाई गोमन, करेत जस्ता विषालु सर्पले डसेका थिए । त्यसैगरी, २०७५ साउनदेखि २०७६ असारसम्म ९९ जना सर्पदंशका बिरामीको सफल उपचार भयो, जसमा १० जनालाई विषालु सर्पले डसेको थियो । २०७६ साउनदेखि २०७७ असारसम्ममा बिरामीमध्ये नौजनालाई विषालु सर्पले टोकेको केन्द्रको रेकर्डले जनाएको छ ।

सर्पले डसे तत्कालै सामान्य स्वास्थ्य सुरक्षाका उपाय अपनाइ समयमैं उपचारका लागि आइपुगेका अधिकांश बिरामीको सफल उपचार भएको लामो समयदेखि सर्पदंशको उपचारमा संलग्न केन्द्रका वरिष्ठ स्वास्थ्यकर्मी लीला लामाले बताइन् ।

पाँच वर्षको अवधिमा सर्पले डसेको बेलैमा थाहा नभएको, आधारभूत स्वास्थ्य सुरक्षाको पालना नगरी उपचार गर्न

(बाँकी अन्तिम पातामा)

# युवतीको शव जलाइएको अवस्थामा बरामद

प्रस, सेढवा, १२ साउन/

इलाका प्रहरी कार्यालय, सेढवा र पटेर्वासुगौलीको संयुक्त टोलीले एकजना महिलाको जलेको अवस्थामा शव बरामद गरेको छ ।

पर्सा राष्ट्रिय निकुञ्ज अन्तर्गत जय माँ जगदम्बे सामुदायिक वनबाट बिहीवार जलेको अवस्थामा प्रहरीले शव बरामद गरेको हो ।

बरामद शव जीराभवानी गाउँपालिका–१ भवानीपुर निवासी खेमराज दासकी १७ वर्षीया छोरी सीमा कुमारीको पुष्टि भएको छ । सीमाको शव वसन्तपुर सबडिभिजन वन कार्यालयभन्दा पाँच सय मिटर उत्तर घना जङ्गलबाट बरामद भएको हो । गएराति शव जलाइएको प्रहरीले अनुमान गरेको छ । बरामद शवको घुँडा, हाड र मासु जल्न बाँकी रहेको प्रहरीले जानकारी गराएको छ । शव जलाउन पेट्रोल, सिमेन्टको बोरा तथा चिनी प्रयोग गरिएको प्रहरीले प्रारम्भिक अनुसन्धानबाट पत्ता लगाएको छ ।

सीमाका बुबा फरार छन् भने आमा श्रीकान्ति देवीलाई प्रहरीले अनुसन्धानको लागि पक्राउ गरेको छ । स्थानीयले सीमाको मृत्युको कारण प्रेम सम्बन्ध रहेको दाबी गरेका छन् । स्थानीय एकजना केटासँग सीमाको प्रेम सम्बन्ध रहेको र सोही कारणबाट हत्या गरी आत्महत्याको कारण देखाउन खोजिएको गाउँमा चर्चा छ । सीमाकी आमाले भने सीमालाई छारेरोग भएको बताएकी छन् । पक्राउ परेकी सीमाकी आमालाई यहाँबाट आवश्यक कारबाईको लागि जिल्ला प्रहरी कार्यालय, पर्सा पठाइएको छ ।


निकुञ्जभित्रको जङ्गलमा भेटिएको चिता । तस्वीरः प्रतीक

प्रारम्भिक अनुसन्धानमा सीमाको हत्या गरिएको देखिए पनि प्रहरीले शल्यपरीक्षण रिपोर्टपछि तथ्य कुरा बाहिरिने बताएको छ । प्रहरीले घटनाबारे अनुसन्धान जारी रहेको जनाएको छ । सीमाको एकजना केटासँग रहेको प्रेम सम्बन्धका कारण घरमा केही दिनदेखि विवाद बढ्दै आएको स्थानीयले बताएका छन् ।

# भूमिहीनले जग्गा पाउने आशा पालायो

प्रस, वीरगंज, १२ साउन/

राष्ट्रिय भूमि आयोग, पर्सा र पर्साका १४ वटा पालिकामध्ये सातवटा पालिकाबीच सम्झौता भएको छ । जिल्ला समन्वय समिति, पर्सामा बिहीवार आयोजित कार्यक्रममा आयोगका केन्द्रीय विज्ञ सदस्य राघवराय यादव र गापा अध्यक्ष/प्रतिनिधिबीच सम्झौतापत्रमा हस्ताक्षर भएको आयोगका सदस्य सुरेन्द्र सिंहले जानकारी दिए ।

संविधानले दिएको अधिकार तथा भूमि ऐन ८औं संशोधन २०७८ अनुसार नेपालको कुनै पनि नागरिक भूमिहीन नहोस् भन्ने उद्देश्यले गठन भएको राष्ट्रिय भूमि आयोगको पर्सा शाखाले कार्य क्षेत्र विकास गर्ने क्रममा गापासँग सम्झौता गरेको अध्यक्ष तबरेज अहमदले जानकारी दिए ।

आयोगले पटेर्वासुगौली, जगरनाथपुर, सखुवाप्रसौनी, विन्ध्यवासिनी, जीराभवानी, पोखरिया, पकाहामैनपुर

(बाँकी अन्तिम पातामा)



तस्वीरः प्रतीक

# सहकारीले झुक्याउने, ठग्ने गरेको गुनासो

प्रस, वीरगंज, १२ साउन/

वीरगंज महानगर–१७ सुक्खा बन्दरगाह, अलौंमा रहेको चुरियामाई बचत तथा ऋण सहकारी संस्थाले ग्राहक र कर्मचारीहरूलाई झुक्याउने, ठग्ने कार्य गरिरहेको गुनासो आएको छ ।

सो सहकारीले ऋण चुक्ता गरेकाहरूको ऋण चुक्तापत्र नदिने, बचतकर्ताहरूको बचत रकम फिर्ता नगर्ने र कर्मचारीहरूलाई मुद्दा गरेर दुःख दिने गरेको गुनासो आएको छ ।

संस्थाका दैनिक बचतकर्ताहरूले आफ्नो रकम फिर्ता लिन जाँदा फिर्ता नपाएको गुनासो गरेका छन् । रामशङ्कर चौरसिया, अभिमन्यु महतोलगायतले सहकारीमा बचत गरेको रकम फिर्ता नपाएको बताए । उनीहरूले सो संस्थामा बचत रकम फिर्ता लिन दैनिकरूपमा जाने गरेको तर फिर्ता नपाएको बताएका छन् ।

यसैगरी, संस्थाबाट ऋण लिएर चुक्ता गरेका वीरगंज–२४ का हीरालाल साह कलवार, बलिरामपुरका कन्हैयालाल शर्मा, दुःखी साह तुराहा, श्रीसियाका उमाशङ्कर कलवारलगायतले ऋण चुक्ता गरेको तर सोको भरपाई अहिलेसम्म

(बाँकी अन्तिम पातामा)



## विचारसार र सूक्तिहरू

**समयको रापमा पाकेको चीज साँच्ची नै मूल्यवान् हुन्छ, त्यसैले त किशमिश अङ्गुरभन्दा महँगो हुन्छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# नदीजन्य पदार्थ उत्खनन


**हामीकहाँ ढुङ्गा, गिट्टी, बालुवा खानी स्थायीरूपको छैन । यसो हुँदा निर्माणको लागि नदी उत्खनन गर्नुपर्ने बाध्यता छ। नदीजन्य पदार्थविना पूर्वाधार निर्माणका कुनै पनि काम हुन सक्दैन । निजी होस् वा सार्वजनिक स्वामित्वको निर्माणमा समेत निर्माण सामग्रीको लागि नदीमा पुग्नै पर्ने बाध्यता छ। सोही कारण यसको हरेक प्रक्रियामा अनियमितता बढेको । पहिलो कुरा त नदीको वातावरणीय परीक्षण र उत्खनन स्वीकृतिमा अनावश्यक विलम्ब गरिन्छ। स्थानीय आवश्यकता अनुसार समयमा वातावरणीय परीक्षण हुँदैन। वातावरणीय परीक्षण भएपछि पनि उत्खनन प्रक्रियाका लागि अधिकारप्राप्त निकायले सेटिङ खोज्छ। जबसम्म उत्खननको निम्ति टेन्डर भर्न आफूले चाहे जस्तो ठेकेदारको उपलबधता हुँदैन, तबसम्म बहानाबाजीमा समय बिताइन्छ। नदी उत्खनन कानूनी प्रक्रियामा जान विलम्ब गर्नुको अर्को कारण नदीजन्य पदार्थको तस्करी हो । कानूनी प्रक्रियामा गएपछि गैरकानूनी उत्खनन गर्नेहरू पाखा लाग्ने भएकाले उनीहरूलाई पोस्नका लागि पनि नदीजन्य पदार्थको टेन्डर प्रक्रियामा विलम्ब हुन्छ। सबै बाधा व्यवधान तोडेर उत्खनन प्रक्रियामा पुगिएछ भने त्यहाँ पनि अवरोध छ। कुनै न कुनै बहाना गरेर एक पक्षले अदालतमा मुद्दा हालिदिन्छ । यसरी दायर गरिने कतिपय मुद्दाहरू जायज हुन्छन् । तर जायज/नाजायज जुनसुकै पनि मुद्दाले नदीजन्य पदार्थको चोरी तस्करीलाई भने ताक पर्छ ।**

**बान्है महीना निर्माण सम्भव छैन । वर्षमा केही महीना निर्माणको काम हुने हो। निजी होस् वा सार्वजनिक तोकिएको अवधिमा जसरी पनि काम सकाउनुपर्ने हुँदा निर्माणकर्ताहरू चोर तस्करबाट नदीजन्य पदार्थ खरीद गर्न बाध्य हुन्छन् । निर्माण कार्य रोक्ने कि नदीजन्य पदार्थको चोरी तस्करीमा मौन बस्ने ? स्थानीय बासिन्दा पनि धर्मसङ्कटमा छन्। अन्यत्रबाट नदीजन्य पदार्थ आयात गर्दा धेरै महँगो पर्छ, बजेटले भ्याउँदैन। पालिका प्रणालीमा योजनाको लगत स्टिमेट तयार गर्दा निर्माण सामग्रीको स्थानीय दररेटलाई आधार मानेर बजेट निर्धारण गरिएको हुन्छ । समयमा काम हुन नसके बजेट फुत्कन्छ । अन्ततः निर्माण नै ठूलो हो भन्ने मनसायमा स्थानीय पुग्छन् । यसले राजस्व मरेको छ भने नदीजन्य पदार्थको चोरी तस्करी समूह र उसको पालनपोषणकर्ताहरू मोटाएका छन् ।**

**हामीसँग प्रशस्तै नदीखोलाहरू छन् । यस मामिलामा मधेस प्रदेश अन्य प्रदेशभन्दा धनी छ। चुरेबाट बगेर आउने नदीजन्य पदार्थ समथर क्षेत्रमा आएपछि स्थिर हुन्छ र त्यसले नदीको सतह उच्च बनाउने हुँदा नदी अन्यत्र उक्लने गर्छ । समयमा वातावरणीय परीक्षण भइदिए वार्षिकरूपमा कति परिमाणको नदीजन्य पदार्थ निकाल्न सकिन्छ भन्ने जानकारी हुन्छ । यसले नदी नियन्त्रण, राजस्व सङ्कलन, स्थानीय विकास निर्माण साथै स्थानीय रोजगार सिर्जनामा महत्त्वपूर्ण योगदान पुऱ्याउँछ । मुख्यतः नदीजन्य पदार्थबाट आउने रकममा अधिपत्य जमाउनेबारेको लालसाका कारण विवाद तथा व्यवधान खडा हुने गरेको हो । यसको समाधानका निम्ति कानून निर्माणको खाँचो छ । नदीजन्य पदार्थबाट वैधानिकरूपमा सङ्कलित रकम शतप्रतिशत सोही नदी नियन्त्रणमा खर्च गर्ने व्यवस्था हुनुपर्छ। यसो भएमा उक्त नदीको नाफा-घाटा नदी प्रभावित क्षेत्रका बासिन्दाले प्रत्यक्षरूपमा पाउने भएकाले राजस्वबारे अरूले गिद्धेदृष्टि लगाउन पाउनेछैनन् ।**

# वैवाहिक अङ्गीकृतको विवाद व्यर्थमा

स्वतन्त्र विचार




श्रीमन्नारायण
an_shriman@yahoo.com


**ज्वाईँलाई नागरिकता दिन कडा नीति बनाउनुपर्छ । बुहारीको विषयमा उदार बन्नुपर्छ । भारतसित हाम्रो घनिष्ठ सांस्कृतिक सम्बन्ध रहिआएको छ । धर्म, संस्कृति, मान्यता, सनातन परम्परा र हाम्रो संस्कारको रक्षाका लागि पनि भारतीय बुहारी सहयोगी नै साबित हुनेछन् ।**

प्रतिनिधिसभाबाट नागरिकता विधेयक पारित भइसकेको छ। राष्ट्रिय सभाबाट पारित हुन बाँकी छ। सर्वोच्च अदालतको पटक-पटकको आदेशका बावजूद अहिलेसम्म यो विधेयक बन्न सकेको थिएन । यो विधेयक पारित भएपछि १६ वर्ष अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेका सन्तानहरूले पनि अब नागरिकता प्राप्त गर्ने बाटो खुला भएको छ। संविधानसभाबाट बनेको संविधानमा नै जन्मको आधारमा नागरिकताको प्रमाणापत्र प्राप्त गरेका सन्तानहरूले वंशजको आधारमा नागरिकता प्राप्त गर्ने कुरा उल्लेख छ। जन्मको आधारमा नागरिकता प्राप्त गर्ने प्रावधान अब हाम्रो संविधानमा छैन । वैवाहिक अङ्गीकृतको हकमा पुरानै व्यवस्था कायम राखिएको छ। नेपाली नागरिकसित विवाह गरेकी भारतीय महिलाले आफ्नो माइती देशको नागरिकता परित्याग गरेको सूचना त्यहाँका जिल्ला अधिकारीलाई दिनुपर्छ। नेपालमा वैवाहिक दर्ताको प्रमाणपत्र भएपछि वडा कार्यालयको सिफारिशमा जिल्ला प्रशासन कार्यालयबाटै वैवाहिक अङ्गीकृत नागरिकता पाउन सकिन्छ । नागरिकताको प्रश्न उठ्नेबित्तिकै नेपालका राजावादी र वामपन्थीहरू त्यसमा अनर्थ मात्रै देख्छन् । अहिले देखिएको नागरिकता विवादको कुनै अर्थ छैन ।

नेपालमा केही व्यक्ति, वर्ग र यस्ता समूह छन् जो विनाअध्ययन र गहिरो सोच विचार प्रत्येक कुराको विरोध गर्न सडकमा आइहाल्छन्। हिजो एमसिसीको विरोधमा सडकमा उत्रनेहरू पनि यिनै थिए । विदेशी महिलाले नेपाली नागरिकता पाउने विषय चर्चामा ल्याउनुको अर्थ नै छैन। कुनै अविवाहित, विधवा र एकल महिलाले नागरिकता पाउने प्रावधान लागू भएको छैन। नेपाली नागरिकसित विवाह गरेकी भारतीय महिलाको हकमा वैवाहिक अङ्गीकृत नागरिकताको प्रावधान लागू भएको छ। कुनै भारतीय महिलाले नेपाली नागरिकसँग विवाह गरेलगत्तै कथम्कदाचित कुनै भवितव्य भयो भने ती महिलाको शेष भविष्य के ? नेपालमा जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, नाता प्रमाणित आदि प्रत्येक पाइलामा नागरिकता प्रमाणपत्र अनिवार्य हुन्छ । यसलाई विडम्बना नै मान्नुपर्दछ कि भारतले हामी नेपालीलाई आफन्तसरह ठानेर प्रत्येक विषयमा विशेष सुविधा प्रदान गरिरहेको हुन्छ तर हामी नेपाली भारतलाई अमेरिका, फ्रान्स र जर्मनीको जस्तो विदेश ठानिरहेका हुन्छौं । अहिले वैवाहिक अङ्गीकृत नागरिकताको विरोध गर्नेहरू यथार्थमा चीनको चिन्ताबाट चिन्तित नेपालका वामपन्थी र राजावादीहरू हुन्। कतिपयले बिहे भएपछि नेपालमा पाइला टेक्नेबित्तिकै नागरिकता प्रमाणपत्र पाइन्छ भन्ने दुष्प्रचार गरिरहेका छन्। भारतको विरोध र चीनको पक्षमा वकालत गर्नुलाई आफ्नो देशको राष्ट्रवाद ठान्ने श्रीलङ्का आज पतनको अवस्थामा पुगेको छ । पाकिस्तान चाहेर पनि भारतसित राम्रो सम्बन्ध बनाउन सक्ने अवस्थामा छैन । सङ्कटमा परेको बेला चीन कसैको मित्र हुँदैन। धरातलमा खुट्टा टेकेर नै बहस चलाउनुपर्छ ।

पटक-पटक विदेशी महिलाको कुरा गरिन्छ। विदेशी महिला भन्नुको अर्थ नै भारतीय महिलालाई लक्षित गरेर यो विषय चर्चामा ल्याउने गरिन्छ। जापान, सिङ्गापुर, साउदी अरब, कतार, युएई, ब्रिटेन, फ्रान्स, स्वीट्जरल्यान्ड, निदरल्यान्ड, जर्मनी, हङकङ, अस्ट्रेलिया र न्युजिल्यान्डकी कुनै महिलाले नेपाली केटासँग विवाह गरेर हाम्रो देशमा जीवनयापन गर्ने सपना पक्कै पनि देखेका छैनन् । चिनियाँ महिलाहरू पनि नेपाली केटासित विवाह गर्ने होइनन् । नेपाली दलालहरूले नेपाली चेलीलाई चिनियाँ केटासित विवाह गरेर तिनलाई चीनमा नारकीय जीवन बिताउन बाध्य पारेको कुरा त नेपालका कतिपय अदालतसमक्ष पनि पुगेको छ। नेपालका कम्युनिस्टहरू त्यसमा पनि खासगरी नेकपा एमाले एउटा सुनियोजित षड्यन्त्र अन्तर्गत भारतसितको सांस्कृतिक सम्बन्धलाई सधैंको निम्ति समाप्त पार्न चाहन्छ। विदेशी महिलाको नागरिकता चर्चामा ल्याउने काम यसैको सङ्केत हो । नेकपा एमालका नेताहरूलाई कुनै पनि विषयवस्तुको गहिरो अध्ययन हुँदैन, केवल हावादारी कुरा गर्छन् ।

भारतमा विदेशी मूलका महिला भन्नाले नेपाली तथा भूटानी भनी परिभाषित गरिएको छैन । भारतीय नागरिकसँग विवाह गर्ने भारतीय महिलाले जेजस्तो अधिकार पाएका छन्, त्यही अधिकार नेपली चेलीले पनि भारतमा प्राप्त गरेका छन् । भारतमा नागरिकताको प्रमाणपत्र नेपालको जस्तो प्रत्येक नागरिकको लागि अनिवार्य गरिएको छैन। आधारकार्ड, राशनकार्ड, पानकार्ड, बैंक खाता र मतदाता परिचयपत्र पाउन कुनै समय निर्धारण गरिएको छैन । आफूलाई आवश्यकता भएको बेला उपरोक्त पहिचान खुल्ने प्रमाणपत्र जहिले पनि बनाउन सकिन्छ, यसको निम्ति सात दिन, सात घण्टा, सात महीना अथवा सात वर्ष कुनुपर्ने प्रावधान न कुनै भारतीय महिलाको हकमा लागू गरिएको छ, न भारतीय युवकसित विवाह गर्ने कुनै नेपाली चेलीको हकमा नै लागू गरिएको छ । भारतमा त्यहाँको उच्च संवैधानिक पदमा पुग्नेहरूको निम्ति नागरिकता आवश्यक हुन्छ र यसको निम्ति उमेर भरसक २५ राखिएको छ । सर्वसाधारणाले नागरिकता लिनु न अनिवार्य छ, न कसैलाई आवश्यकता नै पर्छ, न कसैले लिएकै छ। नेपालका अधिकांश लेखक, पत्रकार, विशेषज्ञ र कानूनका ज्ञाताहरूसमेत प्रत्येक कुरामा आफूलाई नै सबैथोक जानकारी भएको दाबी गर्छन् जबकि तिनीहरूलाई त्यस विषयमा गहिरो जानकारी नै भएको हुँदैन ।

वैवाहिक अङ्गीकृत नागरिकतामा कुनै समस्या नै थिएन । पहिलेदेखि नेपालमा विवाह गरेर आउने महिलालाई नागरिकता लिन कुनै रोकटोक भएको स्थिति छैन । राजा महेन्द्रको पालामा, त्यसपछि ऐन निर्माण भएदेखि कुनै बाधा व्यवधान छैन । २०४७ को संविधानमा पनि बन्देज थिएन । अङ्गीकृतलगायत अन्यमा बन्देज छ, तर वैवाहिक नागरिकतामा समस्या छैन । २०६२-०६३ को आन्दोलनपछिको अन्तरिम संविधानमा पनि बाधा अडचन थिएन । २०७२ सालको संविधानमा त्यसलाई आघात पार्ने कुनै प्रावधान नै छैन । नेपाली नागरिकसँग विवाह गरेर आउने महिलाले चाहेमा भनेर ऐच्छिक भनिएको छ । तर अङ्गीकृतमा सरकारले दिन सक्नेछ भनिएको छ । कसैले म १५ वर्ष वा २० वर्ष बसेको छु, पाउनुपर्छ भन्ने स्थिति छैन । त्यसमा अनेक शर्त छन् । वैवाहिक कानूनमा भने त्यस्तो केही पनि छैन । सङ्घीय कानून अनुसार भनिएको छ। नागरिकता त्यागेर आउने विवाह दर्ता गर्नुपर्ने, न्यूनतम कुरा यसभित्र छ। तर यसमा सात वर्ष वा १० वर्ष भनेर प्रतिबन्ध लगाउनु धरातलीय यथार्थ नबुझेको हो। भारतमा सात वर्षको प्रावधान नेपाली विवाहिता चेलीको हकमा छैन। जहिले पनि धरातलीय यथार्थ हेर्नुपर्छ । हाम्रो संविधानले नै महिलाले चाहेमा भनेर उल्लेख छ । यसमा विवाद गर्नु बेकार हो। कम्युनिस्टहरू राष्ट्रवादी देखिनका लागि यसलाई विरोध र विवादको विषय बनाएका छन् ।

सृष्टिको निरन्तरता महिलाबाट हुने हो । यताका महिला उता गएका छन् । उताका यता आएका छन्। हाम्रोमा दुईवटा बिहे गर्न पाइँदैन । युरोपजस्तो डिभोर्स गरिहाल्ने अवस्था छैन। त्यसकारण राज्य व्यवस्था समितिले गरेको निर्णयमा अन्याय भएको थियो। अब न्याय मिलेको छ। अन्तर्राष्ट्रिय विवाह रोक्न सकिन्न। ज्वाईंलाई नागरिकता दिन कडा नीति बनाउनुपर्छ । बुहारीको विषयमा उदार बन्नुपर्छ । भारतसित हाम्रो घनिष्ठ सांस्कृतिक सम्बन्ध रहिआएको छ। धर्म, संस्कृति, मान्यता, सनातन परम्परा र हाम्रो संस्कारको रक्षाका लागि पनि भारतीय बुहारी सहयोगी नै साबित हुनेछन्। श्री ५ त्रिभुवनकी दुईवटै महारानी भारतकै थिए । हाम्रो यो वैवाहिक सम्बन्धको परम्परा त्रेतायुगदेखिको हो, जसलाई १४ हजार वर्ष पुरानो मानिन्छ। हाम्रा आराध्यदेवहरूको पालादेखि शुरू भएको यस सम्बन्धप्रति हामीले गर्व गर्नुपर्ने हो। राजनीतिक विचारधाराको आधारमा आफ्नो पहिचान र परम्परा बिर्सँदै गएपछि व्यक्ति एक्लो हुन जान्छ। नेपाल सनातन धर्म, संस्कृतिको गौरवशाली परम्परा र मान्यताप्रति गौरवान्वित हुनुपर्ने हो । भारतको नाम सुन्नेबित्तिकै त्यमसा अनर्थ मात्रै हेर्ने र भारतीयको नाम सुन्ने बित्तिकै हीनताबोध हुने अथवा पूर्वाग्रही हुने मानसिकताबाट देशका कम्युनिस्टहरू बाहिर आउन सक्नुपर्छ ।

# वीरगंज महानगरको बेरूजू दुई अर्ब ६६ करोड

प्रस, वीरगंज, ११ साउन/

मधेस प्रदेशको एकमात्र महानगरपालिका वीरगंज महानगरको तीन आर्थिक वर्षको बेरुजू रकम दुई अर्ब ६६ करोड ८४ लाख पुगेको छ ।

महालेखापरीक्षकको कार्यालयको ५९औं प्रतिवेदन अनुसार वीरगंज महानगरपालिका कार्यालयको २०७८ असार ३१ गतेसम्म समाप्त आर्थिक कारोबारको लेखापरीक्षण गर्दा एक आर्थिक वर्षमा मात्र ७६ करोड २७ लाख बेरुजू रकम ठहर भएको छ। गत आर्थिक वर्षसम्म महानगरपालिकको बेरुजू रकम एक अर्ब ९२ करोड रहेकोमा आव २०७५/७६, २०७६/७७ र २०७७/७८ को लेखापरीक्षण रिपोर्ट अनुसार सो बराबरको बेरुजू रकम प्रमाणित भएको प्रतिवेदनले देखाएको छ ।

बेरुजू रकम प्रतिवर्ष थपिंदै जानु महानगरको लागि पछि अहित हुने सङ्केत देखिएको छ। जनप्रतिनिधिको कार्यालयको रूपमा रहेको महानगरको कार्यालयले बर्सेनि जथाभावी रकम वितरण गरेकाले सचेत हुन प्रतिवेदनले औंल्याएको छ । कर्मचारी, विभिन्न सङ्घसंस्थाका नाउँमा बेरुजू रमक रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ ।




तस्वीर: प्रतीक

नवनिर्वाचित जनप्रतिनिधिहरूको लागि बेरुजू रकम फछ्र्योट गर्नु अहिले चुनौतीको विषय भएको छ । कर्मचारीहरूले प्रलोभनमा तथा नेताहरूको दबाबमा परी जथाभावी रकम निकास गरेपछि बेरुजू रकम बढ्दै गएको महानगर स्रोतले जानकारी दिएको छ। महँगो सामान खरीद गरेको तर जिन्सी खातामा उल्लेखसमेत नगरी सो सामान कसले प्रयोगमा ल्याइरहेको भन्ने यकीन नभएपछि सामान खरीद बराबरको रकम बेरुजू भएको देखिन्छ । त्यस्तै, सामान खरीद नगरी भुक्तानी मात्र दिएको देखिएपछि सो रकम बेरुजू भएको हो । यसैगरी, कोभिडको समयमा जथाभावी रकम भुक्तानी दिएकोले पनि बेरुजू रकम बढेको प्रतिवेदनमा उल्लेख छ ।

# ठोरीको समस्याबारे पूर्वप्रम तथा मन्त्रीहरूसँग भेटघाट

प्रस, ठोरी, १२ साउन/

ठोरी गाउँपालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठले पूर्वप्रधानमन्त्री माधवकुमार नेपालसहित बहालवाला मन्त्रीहरूसँग भेटघाट गरेका छन् ।

अध्यक्ष श्रेष्ठले पूर्वप्रम नेपाल, शहरी विकासमन्त्री मेटमणि चौधरी र पर्यटनमन्त्री जीवनलाल श्रेष्ठसँग भेटघाट गरेका हुन् । सबै भेटमा ठोरी गाउँपालिकाका विभिन्न परियोजनाका विषयमा उपलब्धिमूलक छलफल भएको अध्यक्ष श्रेष्ठले बताए ।


विशेषगरी ठोरीका जोखिमयुक्त खोलाहरूमा तटबन्ध गर्ने विषयमा विशेष छलफल भएको अध्यक्ष श्रेष्ठको भनाइ छ ।



सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८



# अर्थ - उद्योग - वाणिज्य



## किन ह्रास हुँदैछ नेपाली नोटको क्रयशक्ति

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**हाम्रो बजारमा, हाम्रो एक रुपियाँको नोटले अहिले केही पनि खरीद गर्न नसक्नुले मात्र पनि हाम्रो अर्थ व्यवस्था कतिसम्म कमजोर छ भन्ने कुराको परिचय दिन्छ । र हामी यस्तो आर्थिक स्थितिमा पुगेको हाम्रा नेताहरूको सत्ता मोहले गर्दा हो । उनीहरूको स्वार्थले गर्दा हो ।**

हाम्रा बजारहरूमा पच्चीस पैसा, पचास पैसा, एक रुपियाँका सिक्का देखिन छाडेको वर्षौं भयो । यसैगरी एक र दुईका कागजी नोट बजारमा देखिंदैन । यस्तो किन भएको होला ? यो प्रश्नको उत्तर ज्यादै सरल छ। मुद्राका यी साना एकाइको बजारमा क्रय शक्ति नभएको हुनाले बजारबाट हराएका हुन्। सिक्काको त कुरा छाडौं, कागजी नोटहरू– एक र दुई रुपियाँको पनि स्वतन्त्र क्रयशक्ति छैन। यी नोटले बजारमा कुनै सामान खरीद गर्न सकिंदैन। पाँच रुपियाँको नोटको पनि यही अवस्था छ। यो नोटको उपस्थिति बजारमा छ, तर यो नोटले पनि आफ्नो स्वतन्त्र क्रय शक्ति गुमाएको छ। यो नोटले पनि कुनै सामान खरीद गर्न सकिंदैन। अर्को शब्दमा भन्ने हो हाम्रो देशमा महँगी यति बढेको छ कि पाँच रुपियाँले कुनै पनि सामान खरीद गर्न सकिंदैन। दस रुपियाँको नोटको पनि ज्यादै सीमित क्रयशक्ति छ । यो नोटले केही सीमित वस्तु मात्र खरीद गर्न सकिन्छ । पाँच र दस रुपियाँका नोट जोडेर, पन्द्र रुपियाँ पुगेको स्थितिमा मात्र प्रायः कम मूल्यको सामान खरीद गर्न सकिन्छ। महँगी यतिसम्म बढेको छ कि खेती नगरेर आफै उम्रेको साग खरीद गर्दा पनि एक मुठ्ठाका लागि बीस रुपियाँ वा सोभन्दा बढी मूल्य भुक्तान गर्नुपर्छ।

बजारमा बीस, पचास, एक सय, पाँच सय रुपियाँका नोटहरूको पनि क्रय शक्ति बलियो छैन। केवल एक हजारको नोटको क्रयशक्ति बलियो रहेको देखिन्छ। यो कारणले होला बजारमा एक हजार रुपियाँको नोट बढी देखा पर्छ । एक हजारको नोटले मात्र बजारमा स्वतन्त्र र बलियो क्रयशक्ति कायम राखेको छ। कुनै बिरामीले एक महीनाको लागि कुनै एउटा औषधी खरीद गर्न एक हजार रुपियाँसम्म खर्च गर्नुपर्ने स्थिति छ। अर्थात् एक हजारको नोटले मात्र धेरै कुरा स्वतन्त्ररूपमा खरीद गर्न सक्ने क्षमता राख्दछ ।

**नोटहरूको क्रयशक्ति किन कमजोर भएको होला ?**

यो प्रश्नको उत्तर ज्यादै सरल छ। स्वदेशमा सामानको उत्पादन कम भएर स्थानीय बजारमा वस्तुको आपूर्ति यथेष्ट मात्रामा हुन नसकेको हुनाले हाम्रा नोटहरूको क्रम शक्ति कमजोर भएको हो। हामी नेपालमा ज्यादै सीमित मात्रामा वस्तु उत्पादन गर्छौं तर उपभोग भने ज्यादै ठूलो मात्रामा गर्छौं। यसैगरी थर ीथरीका वस्तुको उपभोग गर्छौं तर सीमित वस्तु मात्र उत्पादन गर्छौं । हामीलाई सियोदेखि हवाईजहाजसम्मको आवश्यकता छ तर न सियो नै उत्पादन गर्न सक्छौं, न हवाइजहाज नै। हवाइजहाज त टाढाको कुरा हो, दैनिक आवश्यकताका लागि ठूलो सङ्ख्यामा चाहिने साइकल, मोटरसाइकल, कार, ट्रक पनि नेपालमा नै उत्पादन गर्न सकेका छैनौं ।

राष्ट्रिय उत्पादनको स्थिति यस्तै रहने हो भने नेपाली बजारमा पचास र एक सय रुपियाँका नोटहरूले पनि क्रयशक्ति गुमाउने छन् । नेपाल राष्ट्र बैंकले पाँच र दश रुपियाँका नोट छाप्न बन्द गरेर पाँच हजार रुपियाँका नोटहरू छाप्नुपर्ने स्थिति आउन सक्छ।

तीन तहका सरकारहरू– स्थानीय, प्रान्तीय र सङ्घीय सरकारहरूले कृषि र उद्योगसम्बन्धी नयाँ एवं प्रभावकारी नीति अति शीघ्र नल्याउने हो भने नेपालमा महँगीले आकाश छुनेछ । कमजोर र सामान्य आम्दानी हुनेहरूको आर्थिक जीवन झनै कठिन हुनेछ। ठूलो सङ्ख्यामा नेपाली युवा रोजगारको लागि विदेश पलायन गर्नेछन् ।

नेपालले छिटै आर्थिक सुधारका कार्यक्रमहरू नल्याउने हो भने नेपालको स्थिति पनि कुनै समयको जिम्बाब्वेजस्तो हुनेछ । तानाशाह रोबर्ट मुगाबीको पालामा, केही वर्ष पहिले, जिम्बाब्वेमा त्यहाँका नोटहरूको क्रयशक्ति यसरी ह्रास भएको थियो कि त्यहाँको केन्द्रीय बैंकले एक ट्रिलियन डलरको नोट छाप्नुपरेको थियो। र अचम्म ! त्यो एक ट्रिलियन डलरको बजार मूल्य एक अमेरिकी डलर भन्दा पनि कम थियो। बजारमा त्यहाँको मुद्राको क्रयशक्ति एकातिर अति क्षीण भएको थियो भने मुद्रास्फीतिले आकाश छोएको थियो। बजारमा समान खरीद गर्न उपभोक्ताहरूले झोलामा पैसा बोकेर जानुपर्ने स्थिति थियो । मुगाबीको अदूरदर्शी अर्थनीति र सत्तामोहले जिम्बाब्वेको अर्थ व्यवस्थाको टाउको भुइँमा र खुट्टा माथि पुऱ्याएको थियो। नेपालको विभिन्न दलको संयुक्त सरकारले नेपालको अर्थ व्यवस्था टाट पल्टिने स्थितिमा पुऱ्याउने आशङ्का बढेर गएको छ । नेपालको शक्ति र सत्ता केवल आफ्नो वरिपरि मात्र घुमाउन खोज्ने पुष्पकमल दहाल र माधव नेपाल तथा प्रधानमन्त्रीको पद कहिले नछाड्ने प्रवृत्तिका शेरबहादुर देउवाले नेपालको अर्थतन्त्रबारे गहिरिए नसोच्ने हो भने नेपालको आर्थिक स्थिति पनि जिम्बाब्वे जस्तो हुनेछ । नेपालको आर्थिक स्थिति जिम्बाब्वेको जस्तो हुन नदिन यी तीन व्यक्तिले नेपाल राष्ट्र बैंक र अर्थ मन्त्रालयमा आफ्ना होइन योग्य व्यक्तिहरू लग्नुपर्छ । हाम्रो होइन, राम्रो मान्छे छान्नुपर्छ।

**बढ्दो महँगी र मुद्रास्फीतिलाई कसरी नियन्त्रण गर्ने ?**

बढ्दो महँगी नियन्त्रण गर्नुको विकल्प छैन। यो एउटा ठूलो एवं अति गम्भीर समस्या हो । तर यो समाधानविहीन समस्या भने होइन। विभिन्न किसिमका योजना एवं नीतिहरू निर्माण गरेर यो समस्या समाधान गर्न सकिन्छ। पूर्णरूपमा समाधान गर्न नसकिए पनि यसका कुप्रभावहरूलाई निकै कम पार्न सकिन्छ।

महँगी नियन्त्रण गर्न पहिलो गर्नुपर्ने कार्य कृषि एवं औद्योगिक उत्पादनमा वृद्धि हो । यी दुईमध्ये पनि कृषि उत्पादनमा वृद्धि आवश्यक छ। हामीले कृषि उत्पादनमा वृद्धि गर्नुका साथै उत्पादित वस्तुहरू लामो समयसम्म भण्डार गर्न सक्ने क्षमता पनि वृद्धि गर्न आवश्यक छ। कृषि उत्पादनहरू संरक्षण गर्नका लागि हामीले शीतभण्डार निर्माणमा जोड दिन आवश्यक छ।

हाम्रा स्रोत एवं साधनले भ्याएसम्म प्रत्येक गाउँमा नभ्याए, प्रत्येक पालिकामा एउटा मात्र पनि ठूलो क्षमताको शीतभण्डार निर्माण गर्न सके, अनेक कृषि उत्पादन, जस्तै–मासु, माछा, अन्डा, फलफूल, तरकारी, साग आदि लामो समयसम्म भण्डार गर्न सक्छौं। अहिले अव्यवस्थित किसिमले तर राम्रो परिमाणमा गाउँघरतिर मासु, माछा, तरकारी आदि उत्पादन हुन्छ। तर यी उत्पादनलाई लामो समयसम्म राख्न नसकिएको कारणले गर्दा आपूर्तिमा वृद्धि गर्न सकिएको छैन। हामीले यथेष्ट मात्रामा शीतभण्डार निर्माण गर्न सके कृषि उत्पादनलाई लामो समयसम्म सुरक्षित राखेर आपूर्ति व्यवस्था नियमित पार्न सक्छौं। पालिकाहरूले आफ्नो लगानीमा शीतभण्डार निर्माण गर्न आवश्यक छ।

निम्न आय भएका कृषकहरूले अहिले खासगरी ग्रामीण क्षेत्रमा र त्यो पनि तराईमा, ठूलो सङ्ख्यामा बाख्रा, हाँस, कुखुरा, माछा आदि पालन गरेको देख्न सकिन्छ। उनीहरूको यी उत्पादनहरूलाई व्यवस्थित गरेर अन्नमाथिको ठूलो निर्भरता घटाउन सकिन्छ। यस्तो गरेर एकातिर अन्नको विकल्पको विकास गर्न सकिन्छ भने अर्कोतिर माछामासुको आपूर्तिमा व्यापक वृद्धि गर्न सकिन्छ। र यसरी गरेर पनि वर्तमानको मूल्य वृद्धि समस्या कम पार्न सकिन्छ।

माथि केवल कृषि उत्पादनमा वृद्धि गर्ने कुरा उल्लेख गरिएको छ । तर यस्ता अनेक कार्य गरेर, बजारमा नेपाली वस्तुहरूको आपूर्तिमा वृद्धि ल्याएर, मूल्य वृद्धि समस्या कम पार्न सकिन्छ। साथै हाम्रा नोटहरूको क्रयशक्तिमा वृद्धि पनि गर्न सकिन्छ।

अमेरिका र युरोपका देशहरूमा मुद्राको सबैभन्दा सानो एकाइ, जस्तै– एक डलर, एक पौण्ड, एक युरो आदिले पनि राम्रो क्रयशक्ति बोकेको हुन्छ। अर्थात् एक डलरमा पनि सामान खरीद गर्न सकिन्छ । एक डलर मात्रमा पनि अमेरिकी बजारहरूमा अनेक सामान खरीद गर्न सकिन्छ। तर नेपालमा हाम्रो मुद्राको सबैभन्दा सानो एकाइ एक रुपियाँले केही पनि खरीद गर्न सकिंदैन। एक रुपियाँले कुनै पनि सामान खरीद गर्ने विनिमय क्षमता राख्दैन। त्यति मात्र हो र ! एक रुपियाँको नोट प्रचलनमैं छैन। बजारबाट उहिल्यै बिदा भइसक्यो। हाम्रो कमजोर अर्थतन्त्रले एक रुपियाँको नोटलाई उहिल्यै बिदा गरिसक्यो।

हाम्रो बजारमा, हाम्रो एक रुपियाँको नोटले अहिले केही खरीद गर्न नसक्नुले मात्र पनि हाम्रो अर्थ व्यवस्था कतिसम्म कमजोर छ भन्ने कुराको परिचय दिन्छ। र हामी यस्तो आर्थिक स्थितिमा पुगेको हाम्रा नेताहरूको सत्ता मोहले गर्दा हो । उनीहरूको स्वार्थले गर्दा हो ।

## जीतपुरसिमरामा बैंकर्स क्लब गठन

प्रस, जीतपुर, १२ साउन/





जीतपुरसिमरा उपमहानगरपालिकामा बैंकर्स क्लब गठन भएको छ ।

उपमहानगरपालिकामा रहेको बैंक तथा वित्तीय संस्थाहरूको समन्वयमा बैंकर्स क्लब सर्वसम्मत गठन भएको हो ।

बिहीवार गठित क्लबका अध्यक्ष सिद्धार्थ बैंकका कृष्णप्रसाद गौतम, उपाध्यक्ष लक्ष्मी बैंकका सुमन दत्त, सचिव महालक्ष्मी विकास बैंकका पुरुषोत्तम अधिकारी, कोषाध्यक्ष गुह्येश्वरी मर्चेन्ट एन्ड फाइनान्सका युवराज राई, सहसचिव माछापुच्छ्रे बैंकका रोशन न्यौपानेलगायतका सदस्यहरू छन्। गठित क्लबले उपमहानगरपालिकामा रहेका बैंक तथा वित्तीय संस्थाहरूको हकहितमा काम गर्ने अध्यक्ष गौतमले बताए ।

## सामसुङ इलेक्ट्रोनिक्सको आम्दानी दोब्बर

सियोल, १२ साउन/सिन्ह्वा

दक्षिण कोरियाको विशाल प्राविधिक कम्पनी सामसुङ इलेक्ट्रोनिक्सले आफ्नो दोस्रो त्रैमासिक कमाइमा दोब्बर वृद्धि गरेको बिहीवार जानकारी गराएको छ ।

समसुङले एक वर्ष पहिलेको भन्दा आफ्नो आम्दानी २१.३ प्रतिशतले बढेर अप्रिल–जून महीनामा ७७.२ खर्ब वन (५९.२ अर्ब अमेरिकी डलर) पुगेको जनाएको छ ।

यसले कम्पनीको इतिहासमा दोस्रो सबैभन्दा उच्च राजस्व सङ्कलनलाई सङ्केत गरेको छ। यस वर्षको पहिलो त्रैमासिकमा ७७.७८ खर्ब वन (५९.७ अरब डलर) रेकर्ड गरिएको राजस्वभन्दा भने सामान्य कमी हो ।

कम्पनीको यो वर्षको सञ्चालन मुनाफा १२.२ प्रतिशतले बढेर दोस्रो त्रैमासिकमा १४.०९ खर्ब वन (१०.८ अर्ब डलर) पुगेको जनाइएको छ । यो दोस्रो त्रैमासिकको लागि तेस्रो सबैभन्दा उच्च नाफा हो । रासस

## बढ्यो सुनको मूल्य

काठमाडौं, १२ साउन/रासस

सुनचाँदी बजारमा बिहीवार छापावाल सुनको मूल्य अघिल्लो कारोबार मूल्यको तुलनामा प्रतितोला रु ८०० ले बढेर रु ९४ हजार ८०० पुगेको छ ।

पहेंलो धातु अघिल्लो दिन प्रतितोला रु ९४ हजारमा कारोबार भएको थियो। नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरण अनुसार आज तेजाबी सुनको मूल्य प्रतितोला रु ९४ हजार ३०० छ। यसको मूल्य अघिल्लो दिन प्रतितोला रु ९३ हजार ५०० थियो।

त्यस्तै, आज चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यको तुलनामा प्रतितोला रु



३० ले बढेर रु एक हजार १८५ तोकिएको छ । महासङ्घले अन्तर्राष्ट्रिय बजारमा हुने सुन तथा चाँदीको कारोबार मूल्यको तुलनामा यहाँ दैनिक कारोबार मूल्य तोक्दै आएको छ ।

## महोत्तरीमा वनमारा फाँडेर वृक्षारोपण

महोत्तरी, १२ साउन/रासस

बहुमूल्य काठका बिरुवा हुर्कन नदिने वनमारा (जङ्गली वनस्पति) फाँडेर सागरनाथ वन विकास परियोजनाले नयाँ वृक्षारोपण थालेको छ। महोत्तरी, सर्लाही र रौतहटसम्म रहेको परियोजना क्षेत्रमध्ये अहिले महोत्तरीका वनमारा झाडी क्षेत्रमा नयाँ वृक्षारोपण थालिएको हो ।

महोत्तरीमा पूर्व–पश्चिम राजमार्गमुनि (दक्षिणातर्फ) बर्दिवास र गौशाला नगरपालिका क्षेत्रको वन परियोजना अधीनस्थ छ। वन क्षेत्रमा राम्रा काठका बिरुवा बढ्न र हुर्कन नदिने वनमारा झाडी बढ्दै गएपछि अहिले वनमारा फाँडेर नयाँ वृक्षारोपण गर्न थालिएको परियोजनाले जनाएको हो ।

पहिलो चरणमा गौशाला नगरपालिका–१ को रामनगर कुश्माढी रेन्ज युनिटको १८ नम्बर वन क्षेत्रमा झाडी सफा गरेर नयाँ वृक्षारोपण शुरू भएको छ । यसैगरी, गौशालाकै लक्ष्मीनियाँ वन क्षेत्रमा पनि झाडी फाँडेर वृक्षारोपण गर्न थालिएको छ। पहिलो चरणमा रामनगर कुश्माढी प्लटको १७ हेक्टर र लक्ष्मीनियाँको २९ हेक्टर वन क्षेत्रमा यो काम थालिएको परियोजनाको हात्तीलेट वन व्यवस्थापन शाखाका प्रमुख विद्यासागर कर्णाले जानकारी दिए । अहिले यस क्षेत्रमा खयर र मसालाटसका बिरुवा रोपिंदैछन् ।

वन क्षेत्रका बिरुवा झाडी बढ्न नसकेपछि यो फाँडेर नयाँ बिरुवा रोप्नुपरेको परियोजनाका विज्ञको भनाइ छ। खयर र मसाला चाँडै १० वर्षमैं काठ तयार हुने भएको हुँदा अहिले अन्य बिरुवा नरोपेर यी बिरुवा रोपिएको कर्ण बताउँछन्। "अहिले पछिल्ला २० दिनयता दैनिक २०० स्थानीय बासिन्दा वृक्षारोपणमा तल्लीन छन्"–परियोजनाका रेन्जर देवनारायण चौधरी भन्छन्– "वृक्षारोपणमा खटेका स्थानीयवासीलाई ज्यालाबापत दैनिक रु ६ सयसमेत उपलब्ध गराइएको हुँदा कामसँगै आर्थिक राहत पनि मिलेको छ।"

वनमारा झाडी फाँडेर खनजोत गरेपछि चारैतिर काँडेतार बेरेर वृक्षारोपण थालिएको हुँदा अहिले रोपिएका बिरुवा राम्ररी हुर्कने परियोजनाका कर्मचारी र स्थानीयवासीले आस सङ्गालेका छन्। वृक्षारोपण गरिएको प्लटमा प्लटैपिच्छे दैनिक रेखदेख र स्याहारका लागि वन हेरालु राखिएपछि अब चाँडै रोपिएका बिरुवा हुर्कने गौशाला–१ का चन्देश्वर महतोको विश्वास छ ।

परियोजनाले क्रमशः आफ्नो क्षेत्रका वनभित्र वनमारा र बिरुवा बढ्न नदिने अन्य झारपात फाँडेर नयाँ बिरुवा रोपण बढाउँदै लगिने जनाएको छ। अब मसाला र खयर नै रोपिने रेन्जर चौधरी बताउँछन् । "खयर र मसाला सम्भार पाए चाँडै हलक्क बढ्छ, एक वर्षमैं पाँच/छ फिटको हुने र १० वर्षमा काठको



प्रयोगका लागि वयस्क भइसक्छ"–रेन्जर चौधरी भन्छन्–"त्यसैले यहाँको माटो पनि यी बिरुवा हुर्कन उपयुक्त भएको हुँदा मसाला र खयर नै रोप्न थालेको हो ।"

वृक्षारोपणको नयाँ कार्यक्रमले वन अतिक्रमण निरुत्साहित हुने अपेक्षा गरिएको छ। तीन जिल्लामा गरी अहिले करीब १२ हजार हेक्टर परियोजना क्षेत्रमध्ये छ हजार हेक्टरभन्दा बढी महोत्तरीमैं पर्छ ।

## शनिवारसम्म वर्षाको सम्भावना

काठमाडौं, १२ साउन/रासस

शनिवारसम्म देशभर आंशिकदेखि सामान्य बदली रही अधिकांश स्थानमा वर्षा हुने भएको छ ।



मनसुन सक्रिय रहेकोले शनिवारसम्म देशभर आंशिकदेखि सामान्य बदली रही देशका अधिकांश भूभागमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागका मौसमविद् गङ्गा नगरकोटीले जानकारी दिए ।

हाल मनसुनको न्यून चापीय रेखा पश्चिममा सरदर स्थानको आसपास रहेको छ भने पूर्वमा सरदर स्थानभन्दा केही उत्तरतिर अवस्थित छ ।

विभागले आगामी २४ घण्टा देशका केही स्थानमा मेघ गर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको साथै प्रदेश नं १, वाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका एक वा दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको तथा उक्त भूभागमा भूक्षय, पहिरो तथा गेग्रान बहावको जोखिम हुनुका साथै नदी नाला तथा खहरे खोलामा पानीको सतह बढ्न सक्ने तथा दैनिक जनजीवन/यातायात क्षेत्रसमेत प्रभावित हुन सक्ने भएकोले सतर्क रहन सबैमा अनुरोध गरेको छ ।

रातको समयमा देशभर आंशिकदेखि सामान्य बदली रही देशका केही स्थानमा मेघ गर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश नं १, मधेस प्रदेश र वाग्मती प्रदेशका एक वा दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेको बताइएको छ ।

# मौद्रिक नीति व्यावहारिक छ, कार्यान्वयनमा ध्यान दिऔं –परिसङ्घ

काठमाडौं, १२ साउन/रासस

कृषिलगायतका उत्पादनशील क्षेत्र, लघुउद्यम, निर्यात र कोभिड महामारीबाट पुनरुत्थान हुन बाँकी अति प्रभावित क्षेत्रमा पुनर्कर्जा सुविधालाई निरन्तरता दिने व्यवस्था राष्ट्र बैंकले गरेको भन्दै नेपाल उद्योग परिसङ्घले चालू आर्थिक वर्षको मौद्रिक नीतिको सबल कार्यान्वयन हुनुपर्नेमा जोड दिएको छ।

परिसङ्घले बिहीवार आफ्नो धारणा सार्वजनिक गर्दै यो सुविधा पर्यटन क्षेत्रलाई पनि प्रदान गर्न र पुनर्कर्जालाई उत्पादकत्व तथा रोजगार वृद्धिसँग जोडेर अगाडि बढाउन आग्रह गरेको छ।

मौद्रिक नीति कार्यान्वयनबाट मुद्रा आपूर्ति घट्ने, बाह्य क्षेत्र तथा शोधनान्तर स्थितिमा परेको चाप कम हुने र कर्जाको ब्याजदर बढ्ने परिसङ्घको ठहर छ। केन्द्रीय बैंकले उत्पादनमूलक क्षेत्रका लागि खुकुलो तथा अन्य क्षेत्रका लागि कसिलो मौद्रिक नीति ल्याएको परिसङ्घको बुझाइ छ।

निर्यातजन्य, खाद्यान्न उत्पादन, पशुपक्षी, मत्स्यपालनलगायत निजी क्षेत्रलाई सूचना प्रविधि तथा औद्योगिक पार्क निर्माण गर्न कर्जा प्रवाह गर्दा आधार दरमा अधिकतम दुई प्रतिशतसम्म मात्र प्रिमियम थप गरी ब्याजदर निर्धारण गर्नुपर्ने व्यवस्था गरेकामा स्वागत गरिएको छ।



तस्वीर: फाइल

बैंक तथा वित्तीय संस्थाले जारी गरेको ऋणपत्रलाई कर्जा–निक्षेप अनुपात प्रयोजनका लागि वा पूँजीकोषका रूपमा गणना गर्न सकिने अवधि थप गर्ने व्यवस्था मिलाउने, ग्रनी फाइनान्सिङलाई प्रोत्साहन गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हरित बन्ड निष्कासन गर्नुपर्ने परिसङ्घका सुझाव समेटिएकामा परिसङ्घले धन्यवाद दिएको छ।

पूर्ण डिजिटल बैंकको स्थापना गर्न नेपाल राष्ट्र बैंकले आवश्यक ऐन संशोधन गर्ने घोषणा, विदेशी लगानीसँग सम्बन्धित विभिन्न ऐन, नियमावली तथा विनियमावलीलगायत परिसङ्घले उठाउँदै आएका कानून संशोधनका विषयमा समेत नेपाल राष्ट्र बैंक सकारात्मक भएको आफूहरूले महसूस गरेको परिसङ्घको भनाइ छ।

बैंक तथा वित्तीय संस्था मर्जर र प्राप्तिको समयमा धितोपत्र कारोबार नरोक्ने व्यवस्था स्वागतयोग्य कदम भएको जनाइएको छ। अर्थव्यवस्थालाई चलायमान बनाउन उत्पादनशील क्षेत्रमा सहज नीति ल्याउन परिसङ्घले दिएका कतिपय सुझाव राष्ट्र बैंकले सम्बोधन गरे तापनि अनिवार्य नगद मौज्दात, वैधानिक तरलता, बैंक दर, नीतिगत दर, निक्षेप सङ्कलन दर बढाउनाले कर्जाको ब्याजदर बढ्ने निश्चित भएको जनाएको छ।

यस्तो व्यवस्थाले विद्यमान तरलतामा समेत थप दबाब सिर्जना हुने, विभिन्न क्षेत्रमा प्रवाह हुने कर्जालाई नियन्त्रण गर्दै मौद्रिक नीतिले कसिलो रूप धारण गरेको तथा चालू मौद्रिक नीतिका कारण बजारको समग्र मागमा थप सङ्कुचन आई रोजगार सिर्जनासमेत प्रभावित हुने देखिएको परिसङ्घको ठहर छ।

कर्जाको लागत महँगो हुँदा नेपाल सरकारले वित्त नीतिमार्फत लिएको आठ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न कठिन हुने भएकाले बाह्य क्षेत्र सन्तुलनमा आँच नआउने गरी समग्र मागलाई समन्वय गर्नेतर्फ मौद्रिक नीतिको आगामी प्रथम त्रैमासिक समीक्षामा नीतिगत दर पुनरावलोकन गर्न परिसङ्घले आग्रह गरेको छ।

# स्पन्ज आइरन आयातमा छुट : बढ्यो राजस्व, थपिए नयाँ उद्योग

काठमाडौं, १२ साउन/रासस

सरकारले स्पन्ज आइरन आयातमा भन्सार तथा अन्तःशुल्कमा छुट दिंदा राजस्वमा सङ्कलनमा समेत वृद्धि भएको छ। तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले गत आर्थिक वर्ष २०७८/७९ को लागि प्रतिस्थापन विधेयकमार्फत ल्याएको बजेटमा मुलुकभित्रै स्टील बिलेट उत्पादनलाई प्रोत्साहन गर्ने जनाउँदै कच्चा पदार्थ (स्पन्ज आइरन) आयातमा भन्सार तथा अन्तःशुल्क छुटको व्यवस्था गरेका थिए। सो व्यवस्थाले अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्ष राजस्व सङ्कलनमा उल्लेख्य वृद्धि भएको पाइएको हो।


कच्चा पदार्थ (स्पन्ज आइरन)। तस्वीर: सौजन्य

भन्सार विभागले सार्वजनिक गरेको गत आव २०७८/७९ को तथ्याङ्क अनुसार सरकारले स्पन्ज आइरन आयातमा छुट दिएपछि राजस्व सङ्कलनमा वृद्धि भएको पाइएको हो। तथ्याङ्क अनुसार अघिल्लो आव २०७७/७८ को एक वर्षको अवधिमा नेपालमा विभिन्न देशबाट १९ करोड १५ लाख ९५ हजार १७० किलो स्पन्ज आइरनको आयात भएको थियो। उक्त स्पन्ज आइरन आयात हुँदा रु सात अर्ब ८७ करोड ९६ लाख ६८ हजार नेपाली रुपियाँ बाहिरिएको थियो भने सरकारले रु एक अर्ब ४४ करोड ७३ लाख बराबर राजस्व सङ्कलन गरेको थियो।

अघिल्लो आव रु सात अर्ब बराबरको स्पन्ज आइरनको आयात भएकामा सरकारले छुट दिएसँगै गत आव झन्डै रु २४ अर्ब बराबरको आयात भएको छ। गत आव (२०७८/७९)को एक वर्षको अवधिमा रु २३ अर्ब ९८ करोड १६ लाख ८० हजार बराबरको ४१ करोड ५७ लाख ३३ हजार किलो स्पन्ज आइरनको आयात भएको हो। उक्त आयातबाट सरकारले रु तीन अर्ब २५ करोड ६२ लाख १३ हजार बराबर राजस्व सङ्कलन गरेको छ।

**बिलेट आयातमा कमी**

सरकारले स्पन्ज आइरनको आयातमा छुट दिएसँगै एमएस बिलेट आयातमा कमी आएको छ। गत आवको तुलनामा चालू आव रु बीस अर्ब बढीले बिलेट आयातमा कमी आएको हो। भन्सार विभागको तथ्याङ्क अनुसार अघिल्लो आव २०७७/७८ मा रु ७१ अर्ब ५२ करोड ९३ लाख ८९ हजार बराबरको बिलेट आयात भएको थियो। सरकारले भन्सार तथा अन्तःशुल्कमा वृद्धि गरेसँगै गत आव २०७८/७९ मा रु ५१ अर्ब ३३ करोड तीन लाख बराबरको मात्रै बिलेट आयात भएको हो।

बिलेट आयातमा कमी भएसँगै राजस्व सङ्कलनमा समेत कमी आएको छ। अघिल्लो आव बिलेट आयात हुँदा रु १३ अर्ब १३ करोड ६८ लाख ४७ हजार बराबर राजस्व सङ्कलन भएको थियो भने गत आव रु १० अर्ब ९४ करोड ९४ लाख ५२ हजार मात्र राजस्व सङ्कलन भएको छ।

प्रतिस्थापन विधेयकमार्फत ल्याएको बजेटमा आयातित बिलेट (एमएस बिलेट) को अन्तःशुल्क बढाएर प्रतिकिलो दुई रुपियाँ ५० पैसा बनाइएको थियो। यस्तै, फलामे डन्डी बनाउन प्रयोग हुने बिलेट आयात गर्दा त्यसमा लाग्ने अन्तःशुल्क प्रतिटन र एक हजार ६५० बाट बढाएर रु दुई हजार ५०० बनाइएको थियो।

यसअघि स्वदेशमा उत्पादित र आयात गरिएका दुवैमा प्रतिकिलो एक रुपियाँ ६५ पैसा अन्तःशुल्क लाग्ने गरेको थियो। विदेशबाट स्पन्ज आइरन तथा स्टील बिलेट आयातमा भन्सारदर ५–५ प्रतिशत थियो।

**बजेटमा छुट दिएपछि थपिए उद्योग**

सरकारले गत आर्थिक वर्षको बजेटमार्फत स्वदेशमा नै स्पन्ज आइरन उत्पादन गर्ने उद्योगलाई छुट दिएपछि पुराना उद्योगले लगानी बढाउन थालेका छन् भने नयाँ उद्योग दर्ता भएका छन्। उद्योग विभागको तथ्याङ्क अनुसार बजेटमा नै छुटको व्यवस्था भएपछि पुराना चार उद्योगले लगानी थप र नयाँ दुई उद्योग दर्ता भएको उद्योग विभागका निर्देशक खगेन्द्रबहादुर बस्नेतले जानकारी दिए।

उनका अनुसार स्पन्ज आइरन उद्योगलाई सरकारले छुटको घोषणा गरेपछि गोल्छा समूहले प्राइम स्टील र सौरभ ग्रुपले सर्वोत्तम स्टील उद्योग दर्ता गरेका हुन्। गोल्छा समूहले पर्साको पोखरियामा रु साढे पाँच अर्ब र सौरभ ग्रुपले वीरगंज महानगरपालिकाको मनियारीमा उद्योग रहने गरी दर्ता गरेका छन्।

उद्योग विभागमा दर्ता भए अनुसार प्राइम स्टीलले १८ बिघा क्षेत्रफलमा फैलिएको उद्योगमा ४०० मानिसलाई प्रत्यक्ष रोजगार दिने र उक्त उद्योगका लागि एक लाख केभिएको प्रसारण लाइन आवश्यक पर्ने उल्लेख गरेको छ।

यस्तै, उक्त उद्योग सञ्चालनमा आउँदा एचआर स्ट्रीप्स वार्षिक तीन लाख ९६ हजार टन उत्पादन गर्नेछ। जसमध्ये टिमएमटी छड ७९ हजार २०० टन, वायर रड एक लाख १८ हजार ८०० टन र ७९ हजार २०० टन एमएस बिलेट उत्पादन गर्नेछ।

सर्वोत्तम स्टीलले १५ बिघा क्षेत्रफलमा रहको सो उद्योगमा रु तीन अर्ब ३५ करोड लगानी रहेको उल्लेख गरेको छ। उक्त उद्योगले वार्षिकरूपमा चार लाख ४१ हजार मेट्रिक टन स्पन्ज आइरन उत्पादन गर्नेछ। यस्तै, उद्योगमा फलामजन्य वस्तु उत्पादनका लागि ३० मेट्रिक टनका दुईवटा इन्डक्शन फर्नेस (भट्टी) राखिनेछ। उक्त उद्योगलाई फलामजन्य वस्तु तथा स्टील उत्पादनका लागि दुई दशमलव पाँच मेगावाट बिजुली आवश्यक हुने कम्पनीले जानकारी दिएको छ।

विभागको तथ्याङ्क अनुसार काठमाडौं स्टील्स, स्वस्तिक रोलिङ, प्रिमियर स्टील र हुलास वायरले लगानी थपका लागि स्वीकृति लिएका छन्।

तस्वीर: फाइल/प्रतीक


# वैदेशिक रोजगारीमा गएका श्रमिकलाई शेयर बजारको मालिक बनाइँदै

काठमाडौं, १२ साउन/

नेपाल धितोपत्र बोर्डले वैदेशिक रोजगारमा रहेका नेपाली श्रमिकलाई पनि धितोपत्रको कारोबारमा जोड्ने भएको छ। विशेषगरी विप्रेषणलाई वैधानिक तवरले भित्र्याउने तथा त्यसबाट थप पूँजीको विस्तार गर्ने लक्ष्यका साथ बोर्डले प्राथमिक शेयर निष्कासनमा १० प्रतिशत बराबरको शेयर आरक्षण गर्ने नीति तय गरेको छ। त्यसका लागि धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ मा संशोधन गर्ने भएको छ।

बोर्डको चालू आवको नीति तथा कार्यक्रम सार्वजनिक गर्दै अध्यक्ष रमेश हमालले विप्रेषण पठाउने श्रमिकको हितका लागि यस्तो नीतिको प्रबन्ध गरिएको जानकारी दिए। धितोपत्रको दोस्रो बजारमा गैरआवासीय नेपालीको लगानी खुला गर्न धितोपत्रसम्बन्धी कानूनमा आवश्यक संशोधन तथा परिमार्जन गरिने भएको छ।

बोर्डलाई थप जवाफदेहितासहितको अधिकारसम्पन्न नियमन निकाय बनाउनका लागि धितोपत्र तथा वस्तु विनिमय बोर्डसम्बन्धी विधेयक तथा धितोपत्र व्यवसायीको नियमन तथा सुपरीवेक्षण कार्यलाई प्रभावकारी बनाउन धितोपत्र विनियमसम्बन्धी विधेयकको मस्यौदा कार्य अगाडि बढाइने अध्यक्ष हमालले जानकारी दिए।

साथै धितोपत्र व्यवसायीको लागि संस्थागत सुधारसम्बन्धी निर्देशिका तर्जुमा गरी लागू गरिने भएको छ। बजारमा हुने सूचना तथा विवरण प्रवाहको सहज एवं सुदृढ व्यवस्था गर्न विवरण प्रवाह तथा प्राप्ति प्रणाली विकास गरिएकामा त्यसलाई थप प्रभावकारी बनाउने बोर्डको योजना छ। धितोपत्र बजारमा राफसाफमा आउन सक्ने समस्या समाधानका लागि आवश्यक अक्सन मार्केटको विकास तथा सञ्चालनसम्बन्धी अध्ययन गर्ने बोर्डको योजना छ।

बोर्ड कर्मचारीको सेवा शर्त नियमावलीलाई समयानुकूल बनाउनुका साथै बोर्ड पदाधिकारीलाई आचारसंहिताले बाँध्नका लागि थप पुनरावलोकन एवं समसामयिक बनाउने लक्ष्य राखिएको छ। बोर्डले समग्ररूपमा वर्षभरि कार्यक्रमको ढाँचा तथा रूपरेखा सार्वजनिक गरेको छ।

यसबाट नेपालको समग्र शेयर बजारको विकास र विस्तारमा सहयोग पुग्ने विश्वास लिइएको छ। शेयर बजारमा साना लगानीकर्ताको हितको संवर्द्धन गर्ने र ठूला लगानीकर्ताको अनावश्यक चलखेल नियन्त्रणका लागि समेत प्रभावकारी नीति तथा कार्यक्रमको प्रबन्ध गरिएको अध्यक्ष हमालले जानकारी दिए। बजारको विस्तारका लागि आवश्यक सबै उपायको अवलम्बन गर्ने लक्ष्य बोर्डले लिएको छ।

### नेप्सेमा दोहोरो अङ्कको वृद्धि

धितोपत्र बजारमा शेयर कारोबारमापक नेप्से परिसूचक बिहीवार दोहोरो अङ्कले उकालो लागेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक १५.४९ अङ्कले उकालो लागेर दुई हजार १२७.४७ मा पुगेको छ। ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक २.७० अङ्कले उकालो लागेर ४०५.६२ मा पुगेको छ। कुल २२१ कम्पनीको एक करोड १९ लाख ५५ हजार ७६ कित्ता शेयर रु चार अर्ब ९७ करोड ६४ लाख ३३ हजार १०५ मूल्यमा खरीद–बिक्री भए।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. पन्नालाल पटेल | ९८५५०३४१५५ | सिद्धार्थ मेडिकल हल, नाउक्षे, वीरगंज |
| ५. डा. श्यामसुन्दर दास | | |
| ६. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्क: बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०

# अन्तर्राष्ट्रिय समाचार


## विश्वकपमा होटल मजदूरको सुरक्षा गर्न कतारलाई आग्रह

दोहा, १२ साउन/एएफपी

बेलायतस्थित एक अधिकार समूहले बिहीवार फूटबल विश्वकपका क्रममा हजारौं विदेशी कामदार भर्ती गर्दै कतारका होटलहरूमा रङ्गभेद, अत्यधिक संरचना निर्माणमा समेत प्रवासी मजदूरको अवस्थाप्रति पटक-पटक आलोचना खेप्दै आएको छ।

यद्यपि कतारले हालैका वर्षहरूमा ठूलो सुधार गरेको जनाउँदै आएको छ।

इक्विडेमले बताए अनुसार बङ्गलादेशीलगायत होटल श्रमिकहरूले अनुसन्धानकर्ताहरूसँग उही कामको लागि अरब राज्यका मानिसहरूको तुलनामा निकै कम ज्याला पाउने गरेको बताएका


तस्वीर: एजेन्सी

श्रमप्रति सजग रही श्रमिक अधिकार प्रत्याभूत गर्न आग्रह गरेको छ।

नोभेम्बर २१ देखि डिसेम्बर १८ सम्म (चार हप्ता)को खेल प्रतियोगिताको क्रममा कतारले एक लाखभन्दा बढी आगन्तुकको आशा गरेको छ। यसमा सेवा सुविधाको कुनै प्रकारको कमी नहोस् भनी कतारले ठूलो सङ्ख्यामा अस्थायी जनशक्ति भर्ती गरेको छ।

श्रम अधिकार अभियान संस्था इक्विडेमका अनुसार तेलका लागि धनी खाडी राष्ट्रमा प्रतियोगिता पहिले नै कामदारहरूको 'गम्भीर श्रम शोषण र मानव अधिकारको हनन' गरिएको समाचारहरू बाहिरिएका छन्।

कतारले विश्वकपका लागि गरेको श्रम ठगीलाई दुरुत्साहन गर्न न्यूनतम पारिश्रमिक निर्धारण गर्ने र धेरै विवादास्पद प्रणाली खारेज गर्नेजस्ता काममा सुधार गरिएको कतारले जनाएको छ। श्रमिकले रोजगार परिवर्तन गर्दा वा घर फर्किंदासमेत काम गरिराखेको कम्पनी वा फर्मको मालिकको अनुमति लिनुपर्ने भएकोले श्रमिकहरूको श्रम अधिकारको हनन हुने गरेको स्विकार्दै यसलाई सुधारेको जनाएको छ।

विश्व फूटबलको नियामक निकाय (फिफा) ले यसै हप्ता कतारसँग 'सहभागी टिमहरू आयोजना गर्ने सबैसहित जम्मा १५९ होटलमा श्रमिकको अधिकार र हित संरक्षण गर्न आवश्यक प्रक्रिया' लागू गरेको पुष्टि गरेको छ।

थिए।

केन्याका सुरक्षा गार्डहरूले अन्य मुलुकको कामदारको तुलनामा अत्यधिक गर्मी (तातो) मा काम गर्न दबाब दिएको दाबी गरेको अधिकार समूहले बताएको छ। इक्विडेमका अनुसार केही कर्मचारीले 'रोबोटजस्तै' विनातलब अत्यधिक समय काम गर्न बाध्य भएको र कोरोना भाइरस महामारीको दौरान छुट्टिंदा धेरैले ज्याला र क्षतिपूर्ति प्राप्त नगरेको बताएका थिए। संयुक्त राष्ट्रसङ्घको अन्तर्राष्ट्रिय श्रम सङ्गठनले २० वटा ठूला होटलले गुनासो समाधानका लागि कामदार व्यवस्थापन समिति गठन गरेको तर त्योभन्दा बढी सुधार आवश्यक भएको बताएको छ। रासस

## इराकमा उच्च सुरक्षा घेरा तोड्दै प्रदर्शनकारी संसद् भवन प्रवेश

बगदाद, १२ साउन/एएफपी

इराकको राजधानी बगदादमा आन्दोलनरत धर्मगुरु मुक्तदा अल-सदरका समर्थकहरू उच्च सुरक्षा घेरा तोडेर संसद् भवन प्रवेश गरेका छन्।

सुरक्षाकर्मीहरूले संसद् भवन प्रवेश गर्न खोज्नेहरूलाई केही बेर रोके पनि ठूलो भीड भवनभित्र छिरेको सुरक्षा स्रोतले एएफपीसँग पुष्टि गरेको छ।

उनीहरू प्रधानमन्त्रीमा विपक्षी उम्मेदवारको विरोधमा प्रदर्शन गरिरहेका छन्। गत अक्टोबरमा भएको आम निर्वाचनमा सदरको पार्टीले सबैभन्दा धेरै सिट जिते पनि सरकार बनाउन सकेको छैन।

संसद् भवन प्रवेश गरेका प्रदर्शनकारीहरूलाई प्रहरीले अश्रुग्याँस र पानीको फोहरा प्रयोग गरेर रोक्ने प्रयास गरे पनि अन्ततः उनीहरू संसद् भवनभित्र छिर्न सफल भएका थिए।

प्रदर्शनकारीहरू प्रवेश गरेको समयमा संसद् भवनमा कोही सांसद उपस्थित थिएन। प्रदर्शनकारीहरूको भीड सुरक्षाकर्मीहरूको बाक्लो उपस्थिति रहने ग्रीन जोनमा प्रवेश गरेको थियो। यो क्षेत्रमा विभिन्न देशका दूतावासहरूसहित राजधानीस्थित सबैभन्दा महत्त्वपूर्ण भवनहरू छन्।

इराकका प्रधानमन्त्री मुस्तफा अल-खादिमीले प्रदर्शनकारीहरूलाई संसद् भवन छोड्न आग्रह गरेका छन्। भवनभित्र छिरेका प्रदर्शनकारीहरू नाचगान गर्दै टेबलमा सुतेका थिए। नौ महीना लामो गतिरोधपछि इराकमा अशान्ति शुरू भएको हो। त्यहाँ देशका विभिन्न राजनीतिक समूहहरूबीच विवादका कारण निर्वाचनपछि नयाँ सरकार गठन हुन सकेको छैन।

इराकमा अमेरिकी हस्तक्षेपको विरोध गर्दै आएका शिया धर्मगुरु सदरको दलले अक्टोबरको निर्वाचनमा जीत दाबी गरेको थियो। तर आफ्ना प्रतिद्वन्द्वीसँग सहकार्य गर्न सदर तयार नभएपछि उनको दलले सरकार निर्माणका लागि गठबन्धन बनाउन सकेको छैन। रासस

## ओमिक्रोनको अर्को भेरियन्टप्रति सतर्क रहन बाइडेनको आग्रह

वाशिङ्टन, १२ साउन/सिन्ह्वा

अमेरिकी राष्टपति जो बाइडेनले ओमिक्रोनको नयाँ भेरियन्ट 'बिए.५' अमेरिकामा पनि भेटिएकोले त्यसबाट सतर्क रहन सबै अमेरिकीलाई आग्रह गरेका छन्।

उनले भनेका छन्- अहिले अमेरिकामा पनि सो भेरियन्ट भेटिएको र देशव्यापीरूपमा नै विस्तार भइरहेको छ, त्यसैले यसबाट बच्नका लागि स्वास्थ्य मापदण्ड पालना गर्न जरूरी छ।

बुधवार उनले सो आग्रह गरेका हुन्। उनले यसबाट आफू पनि सङ्क्रमित हुन पुगेको बताएका छन्। राष्ट्रपति बाइडेनले भने- यो 'बिए.५' नयाँ भेरियन्टबाट म सङ्क्रमित हुन पुगें, ममात्र होइन, अमेरिकीहरू पनि यसबाट सङ्क्रमित भएका छन् र हामी अमेरिकी मात्र नभएर संसारकै नागरिकमा यो सङ्क्रमण फैलिएको छ।

आफू नयाँ भेरियन्टबाट सङ्क्रमित भएको बताएका राष्ट्रपति बाइडेनले आइसोलेशनबाट बाहिर निस्किनुअघि ह्वाइट हाउसबाट बुधवार सो कुरा बताएका हुन्।

यसबाट बच्नका लागि जनस्वास्थ्यका मापदण्ड पालन गर्न पनि उनले आग्रह गरे। उनले सबै अमेरिकी नागरिकलाई सार्वजनिक स्थलमा जाँदा अनिवार्यरूपमा मास्क लगाउन आग्रह गरेका छन्।

अमेरिकी राष्ट्रपति बाइडेन ७९ वर्षका छन्। उनलाई गत हप्ता मात्र यो नयाँ भेरियन्टको सङ्क्रमण देखिएको बताइएको थियो। उनले आफूलाई सामान्य लक्षण मात्र देखिएको बताएका थिए। उनी एक हप्तापछि बुधवार मात्र आइसोलेशनबाट निस्केका हुन्।

कोभिड-१९ सङ्क्रमणले सबैभन्दा बढी असर पारेको अमेरिकामा पछिल्लो समय यसको सङ्क्रमण थप फैलिएको बताइएको छ।

त्यसैले अमेरिकी अधिकारीहरूले सबैलाई थप सतर्क रहन सूचना जारी गरिरहेका छन्। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – भयचिन्ता | वृष – मित्रमिलन |
| मिथुन – कान्तिक्षय | कर्कट – खर्चवृद्धि |
| सिंह – धनलाभ | कन्या – कर्मप्राप्ति |
| तुला – अलमल | वृश्चिक – रोगभय |
| धनु – व्यापारवृद्धि | मकर – कडाश्रम |
| कुम्भ – कार्यनाश | मीन – खर्चवृद्धि |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### वीरगंज महानगरपालिकाको सूचना

घर निर्माण गर्दा निर्धारित मापदण्डको पालना गरौं,
शहरको सौन्दर्यीकरणमा सहयोग गरौं।

वीरगंज महानगरपालिका कार्यालय



### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे


## सिम्रौनगढमा नेका र लोसपा कार्यकर्ताबीच झडप

प्रस, सिम्रौनगढ, १२ साउन/

बाराको सिम्रौनगढ नगरपालिका


तस्वीर: प्रतीक

कार्यालयमा बिहीवार लोकतान्त्रिक समाजवादी पार्टी मधेस प्रदेश सदस्य शेख मोतिन र नेपाली काङ्ग्रेसबाट विजयी सिम्रौनगढ नगरपालिका वडा नं ४ का अध्यक्ष अवधेश सहनीबीच वादविवाद भई झडप भएको छ।

दुईजनाबीच वादविवाद भएको आधा घण्टा पनि नबित्दै नेका र लोसपाका कार्यकर्ताबीच झडप भएको थियो। दुई पार्टीका कार्यकर्ताहरूको झडप प्रहरी आई शान्त पारेको थियो। झडप शान्त पार्ने क्रममा प्रहरीले लाठी चार्ज र १२ राउन्ड आश्रुग्याँस प्रहार गरेको थियो।

अपराह्न ४ देखि बेलुकी ७:३० बजेसम्म चलेको झडपमा तीनजना घाइते भएका छन्। घाइते हुनेहरूमा सिम्रौनगढ-७ जानकीनगरका ३५ वर्षीय रामनिवास राम, वडा नं ४ हरिहरपुरका १३ वर्षीय नाबालक रविकुमार सहनीलगायत नाम नखुलेका एकजना रहेका छन्। रामनिवास रामलाई थप उपचारको लागि वीरगंज पठाइएको प्रहरीले जनाएको छ।

लोसपा मधेस प्रदेश सदस्य शेख मातिन सिम्रौनगढकी उपप्रमुख नजबु शेहरका पति हुन्।

## समुदायमा जनजागरण अभियान


तस्वीर: सौजन्य

प्रस, बारा, १२ साउन/

समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत बाराको फेटा गाउँपालिका-३ मा गाउँपालिका कार्यालयको सभाहलमा राष्ट्रिय जागरण प्रतिष्ठान नेपाल, जिल्ला प्रहरी कार्यालय बारा र इलाका प्रहरी कार्यालय प्रसौनीको संयुक्त आयोजनामा सामाजिक कुरीतिविरुद्ध जनजागरण कार्यक्रम आयोजित भएको छ।

गापा अध्यक्ष रूस्तम अन्सारीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा स्थानीय नागरिकलाई समाजमा व्याप्त बोक्सीप्रथा, छुवाछूतलगायतका कुरीतिबारे जागरूकता फैलाइएको थियो।

कार्यक्रममा उपाध्यक्ष नीलम साह, प्रमुख प्रशासकीय अधिकृत गौरीशङ्करकुमार सिंह, इप्रका, प्रसौनीका प्रहरी निरीक्षक नरेन्द्रकुमार बोगटीलगायतको सहभागिता थियो।

## मोबाइल पसलमा चोरी

प्रस, पोखरिया, १२ साउन/

पोखरिया नगरपालिका वडा नं ४ स्थित गायत्री मोबाइलपसलमा गएराति चोरी भएको छ।

राति चोरहरूले पसलको मूल ढोकाको ताल्चा फोडी पसलमा रहेका मोबाइल फोन १५ थान, कम्प्युटर १ थान, नगद तीन हजार गरी ५६ हजार मूल्यबराबरको चोरी भएको पसल सञ्चालक लालबहादुर चौहानले बताए।


तस्वीर: प्रतीक

## लुटिएको रकमसहित दुईजना युवक पक्राउ

जनकपुरधाम, १२ साउन/रासस

महिलाको रकम लुटेर फरार रहेका दुईजना युवालाई धनुषा प्रहरीले पक्राउ गरी बिहीवार सार्वजनिक गरेको छ।

पक्राउ पर्नेमा धनुषाको लक्ष्मीनियाँ गाउँपालिका-७ निवासी २० वर्षीय जीतेन्द्रप्रसाद साह र २१ वर्षीय दीपेन्द्र मण्डल रहेको प्रहरीले जनाएको छ।

सबैला नगरपालिका-४ घर भई जनकपुरधाम उपमहानगरपालिका-१ निवासी शर्मिलादेवीले गत सोमवार विदेशबाट पतिले पठाएको रु दुई लाख जनकपुरधामको मिल्स एरियास्थित एभरेस्ट बैंकबाट झिकेर प्लास्टिकको झोलामा रकम र मोबाइल बोकी आउँदै गर्दा लुटेर उनीहरू फरार भएका थिए।

घटनाको सूचना पाएलगत्तै खटिएको प्रहरी टोलीले अनुसन्धानको क्रममा लुटिएको रकमसहित दुवैजनालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक वसन्त रजौरेले जानकारी दिए।

पक्राउ परेका जीतेन्द्रको साथबाट लुटिएको मोबाइल र रु ५४ हजार तथा दीपेन्द्रको साथबाट रु ७८ हजार बरामद भएको उनले बताए।


तस्वीर: सौजन्य


### श्री सगरमाथा अल्मुनियम इन्डस्ट्रिज प्रा. लि., बाराको सूचना

श्री सगरमाथा अल्मुनियम इन्डस्ट्रिज प्रा.लि.ले मधेस प्रदेश, बारा जिल्ला, जीतपुरसिमरा उपमहानगरपालिका-८ (साबिक-गढीमाई नगरपालिका-७) मा विभिन्न प्रकारका अल्मुनियम प्रोफाइल तथा च्यानल (Aluminium Profile; Channel) उत्पादन गर्ने उद्देश्यको उद्योग स्थापना क्रममा हाल वातावरणीय अध्ययनको कार्य भइरहेको छ। वातावरण संरक्षण ऐन-२०७६ को दफा ३(५) र वातावरण संरक्षण नियमावली २०७७ को नियम-७ को प्रावधान तथा सोही नियमावली (संशोधनः २०७८-२-१०) को अनुसूची २ (ख)-उद्योग क्षेत्र (४९) अनुसार दैनिक ७५० मे. टनसम्म धातु (Metal) रि-मेल्टिङ, रि-रोलिङ तथा एलोइङ (Alloying) गर्ने उद्योग स्थापना गर्नुपूर्व प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) तयार गरी सम्बन्धित निकाय (उद्योग विभाग)बाट स्वीकृति लिनुपर्नेछ।

सो वातावरणीय अध्ययनको प्रतिवेदन तयारीको सिलसिलामा प्रस्तावको कार्यान्वयनबाट प्रभावित हुने क्षेत्रमा प्रस्तावको बारेमा सार्वजनिक सुनवाइको आयोजना गरी राय सुझाव सङ्कलन गर्नुपर्ने व्यवस्था भए अनुरूप निम्न उल्लिखित स्थान र समयमा आयोजना गरिने सार्वजनिक सुनवाइमा सहभागी भई राय सुझाव प्रदान गरिदिनुहुन अनुरोध गर्दछौं।

| | | |
|---|---|---|
| १. | प्रस्तावित कारखाना स्थापना स्थल | जीतपुरसिमरा उपमहानगरपालिका-८, बारा जिल्ला, मधेस प्रदेश |
| २. | सार्वजनिक सुनवाइ हुने स्थान र समय<br>स्थान<br>समय | प्रस्तावित कारखाना स्थल/जीतपुरसिमरा उपमहानगरपालिका-८ को वडा कार्यालय,<br>२०७९-०४-१८, बिहानको ९:०० बजे |

# हेपाटाइटिस रोगबारे दूतावासद्वारा सचेतना

प्रस, वीरगंज, १२ साउन/

भारतको आजादीको अमृत महोत्सव र विश्व हेपाटाइटिस दिवस मनाउन वीरगंजस्थित भारतको महावाणिज्य दूतावासले वाणिज्य दूतावास परिसरमा बिहीवार 'हेपाटाइटिसः कारण, लक्षण, रोकथाम र उपचार' विषयमा प्यानल छलफलको आयोजना गरेको छ।

छलफलमा वीरगंजका इन्टरनल मेडिसिनका चिकित्सक नारायणी अस्पतालका डा नीरज सिंह, नारायणी मेडिसिटी वयोधाका डा अभिषेक सिंह, निजी चिकित्सक डा राकेश झा र नेशनल मेडिकल कलेजका डा जीतेन्द्र मिश्रको सहभागिता थियो।



तस्वीरः प्रतीक

कार्यक्रममा महावाणिज्यदूत नितेश कुमारले विश्वभर र विशेषगरी दक्षिण एशियामा हेपाटाइटिस रोगको खतराबारे प्रकाश पारेका थिए। उनले रोगसँग लड्नका लागि उचित ज्ञान आवश्यक पर्नेमा जोड दिए। उनले जुलाई २८ लाई विश्व हेपाटाइटिस दिवसका रूपमा मनाउनुको कारणबारे पनि प्रस्ट पारे।

छलफलमा सहभागी विशेषज्ञ चिकित्सकहरूले हेपाटाइटिस रोगको कारण, प्रकार, लक्षण, रोकथाम र उपचारका बारेमा सहभागीहरूलाई अवगत गराएका थिए। विज्ञ चिकित्सकहरूले यस रोगसँग जोडिएका सामाजिक कलङ्कबारे पनि प्रकाश पारेका थिए। उनीहरूले बिरामीहरूलाई दयालु र सकारात्मकरूपमा व्यवहार गर्न सुझाव दिएका थिए। उनीहरूले हेपाटाइटिसविरुद्धको खोप लगाएमा रोगबाट बच्न निकै प्रभावकारी हुने बताए। कार्यक्रममा सहभागीहरूको रोगको जिज्ञासाबारे विशेषज्ञ चिकित्सकहरूले जवाफ दिएका थिए।

## काठसहित दुईजना पक्राउ

प्रमोद यादव, पंचगावाँ, १२ साउन/

सालको काठसहित दुईजना काठ तस्करलाई इलाका प्रहरी कार्यालय, एकटाँगाले नियन्त्रणमा लिएको छ।

बडनिहारस्थित राष्ट्रिय वन जङ्गलबाट अवैधरूपमा काँचो सालको काठ कटान गरी पर्सागढी नगरपालिकाको पचरुखी र बहुअर्वाको फर्निचर र समिलमा लग्दै गरेको अवस्थामा इप्रका, एकटाँगाले नियन्त्रणमा लिएको हो।

प्रहरी वरिष्ठ नायब निरीक्षक कुलबहादुर कुँवर नेतृत्वको टोलीले बुधवार राति ११ बजे पर्सागढी नगरपालिका-८ हरपुरबाट एक थान सालको काठ र साइकलसहित सोही ठाउँ बस्ने महेन्द्र राम र नगिना रामलाई पक्राउ गरेको जनाएको छ।

पक्राउ परेका रामद्वय र काठलाई कारबाईको लागि सबडिभिजन वन कार्यालय, बडनिहारमा बुझाइएको प्रहरीले जनाएको छ।


## सर्पदंश (सर्पको टोकाइ)बाट बच्न...

- घरवरिपरि सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाउँहरूको व्यवस्थापन गरौं,
- घरवरिपरि सफा राखौं, प्वालहरू टालौं,
- खुला स्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिंडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठी लिएर हिंडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झूलको अनिवार्य प्रयोग गरौं,
- सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
- राति हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल, दाउरा आदि निकाल्दा होशियारी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड





# खेलकूदको संसार

## एकदिवसीय वरीयतामा नेपाल यथावत्

काठमाडौं, १२ साउन/रासस

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)ले बिहीवार जारी गरेको एकदिवसीय नयाँ वरीयतामा नेपाल यथावत् स्थानमा रहन सफल भएको छ। आइसिसीले सार्वजनिक गरेको नयाँ वरीयता अनुसार नेपाल १९औं स्थानमा यथावत् रहन सफल भएको हो। अघिल्लो वरीयतामा पनि नेपालको १९औं स्थानमा थियो।

नयाँ वरीयतामा न्युजील्यान्ड पहिलो स्थानमा छ भने इङ्गल्यान्ड दोस्रो स्थानमा छ। त्यस्तै, भारत तेस्रो स्थानमा रहँदा पाकिस्तान चौथो तथा अस्ट्रेलिया पाँचौं स्थानमा छन्। यसैगरी, साउथ अफ्रिका छैटौं, बङ्गलादेश सातौं, श्रीलङ्का आठौं, वेस्टइन्डिज नवौं तथा अफगानिस्तान दशौं स्थानमा परेका छन्।

## बगहीको जनता आवास कार्यक्रममा गुणस्तरहीन निर्माण सामग्री प्रयोग

प्रस, परवानीपुर, १२ साउन/


तस्वीरः फाइल/प्रतीक

वीरगंज महानगर-२८ बगही टोलमा जनता आवास कार्यक्रम अन्तर्गत दलित विपन्न परिवारको घर निर्माणमा गुणस्तरहीन निर्माण सामग्री प्रयोग भइरहेको गाउँलेले बताएका छन्।

प्रदेश सरकार मातहत सघन शहरी डिभिजन कार्यालय, वीरगंजको निगरानीमा उपभोक्ता समितिद्वारा भइरहेको घर निर्माणको काममा दुई नम्बर इँटा र आठ/एकको मसलाले पर्खालको जोडाइ भइरहेको गाउँलेहरूले आरोप लगाएका छन्।

बगहीटोलको चमरपट्टिमा शङ्कर राम, महेन्द्र राम, करिमन राम, रामदरश राम, खोभारी राम, विनोद राम, मनोज राम, तेजा राम, सुधन, छोटेलाल, लालुलगायत ५२ जनाको घर निर्माण भइरहेको छ। प्रतिघर निर्माण लागत रु तीन लाख ७२ हजार रहेकोमा गत आवको असार मसान्तमा भुक्तानी लिनको लागि हतार-हतारमा जगसम्मको काम मात्र सकिएको छ।

दुई कोठे पक्की घर असार मसान्तसम्म सम्पन्न भइसक्नुपर्नेमा शहरी भवन कार्यालयको उदासीनता र उपभोक्ता समितिको लापरवाहीले गर्दा विपन्न वर्ग अहिले घरबारविहीन भएका छन्। घर निर्माणमा भइरहेको ढिलाइले पीडितहरू अहिले त्रिपाल टाँगेर अरूको जग्गा र घरमा शरण लिई बसेको गाउँलेहरूले बताएका छन्।

## हिलाम्य बाटोमा हिंड्न पनि समस्या


तस्वीरः प्रतीक

प्रस, पर्सागढी, १२ साउन/

वर्षायाम शुरू भएसँगै पर्सागढी नगरपालिकाका सडकहरू हिलाम्य भएर हिंड्न नसक्ने अवस्थामा पुगेका छन्।

पर्सागढी नगरपालिका-४ बर्वाटाँडीदेखि बकनेर्वासम्मको सडक आव २०७७/७८ को बजेटमा मरम्मत गरिएको थियो। मरम्मत गरिएको दोस्रो वर्षमै यो सडक हिंड्नलायक भएको छैन। वर्षा शुरू भएसँगै सडकमा पानी जमेर हिलो भएकोले सडकमा हिंड्डुल गर्न समस्या भएको हो। सडकका केही ठाउँ भत्किएका पनि छन्।

कल्भर्ट बनाइएको ठाउँमा सडकखण्ड भासिन थालेको छ।

जसले गर्दा आवतजावतमा समस्या हुने देखिन्छ। अहिले यो कल्भर्ट भएको ठाउँबाट स्थानीयले ठूला सवारीसाधनहरूको आवागमनमा रोक लगाएका छन्।

## सहजकर्ताहरूको लागि तालीम शुरू

प्रस, पोखरिया, १२ साउन/


तस्वीरः प्रतीक

पिपुल इन नीडको प्राविधिक सहयोग र आसमान नेपाल तथा सामाजिक संस्था जिल्ला समन्वय समिति, पर्साको आयोजनामा ठोरीमा सञ्चालित बालिकालाई पछाडि नपारौं कार्यक्रमका सहजकर्ताहरूको लागि सात दिने क्षमता अभिवृद्धि तालीम शुरू भएको छ।

आरम्भ परियोजना अन्तर्गत क्याप्टभेटिङ इन्टरनेशनल फाउन्डेशन र आसमान नेपालको साझेदारीमा भएको क्षमता अभिवृद्धि तालीम आजदेखि कलैयामा शुरू भएको हो। आसमान नेपालका अध्यक्ष हरिश्चन्द्र यादवको अध्यक्षतामा भएको तालीममा ४० जना सहजकर्ता सहभागी छन्। तालीममा प्रमुख अतिथि महागढीमाई नगरपालिकाका शिक्षा शाखा प्रमुख रामविश्वास चौरसियाले विद्यालयबाट वञ्चित किशोरीहरूलाई शिक्षा दिनु महत्त्वपूर्ण कार्य भएको बताए। कार्यक्रममा शिक्षा अधिकृत रामप्रवेश यादव, जयकान्त उपाध्याय, धर्मेन्द्र चौरसिया, भगरासन ठाकुरलगायतले मन्तव्य व्यक्त गरेका थिए भने कार्यक्रम सञ्चालन रचना बस्नेतले गरेकी थिइन्। तालीममा भगरासन ठाकुर, विनोद पञ्जियार, श्याम केशरीलगायतले प्रशिक्षण दिंदैछन्।

भूमिहीनले जग्गा....

गाउँपालिकाका अध्यक्षहरूको उपस्थितिमा सम्झौतापत्रमा हस्ताक्षर भएको जनाएको छ। गापाले आआफ्नो क्षेत्रभित्र रहेका भूमिहीन दलित, सुकुमबासी र अव्यवस्थित बसोबास गरेकाहरूको पहिचान गरी उनीहरूलाई बसोबासको लागि सात धुर तथा कृषि कर्मको लागि १६ कट्ठासम्म जग्गा दिने गरी प्रक्रिया अगाडि बढाउने आयोगसँग सहमति गरेको छ।

गापास्तरीय गठित सेवा केन्द्रको वडास्तरीय सहजीकरण समितिले पहिचान गरेका व्यक्तिहरूलाई सिफारिश गरिएको जिल्लामा रहेको आयोगको कार्यालयले नापनक्शा, श्रेस्तासहित जग्गाको पुर्जा दिने प्रावधान छ।

कार्यक्रममा गापाध्यक्षहरू श्रीकान्त यादव, यशवन्त यादव, सुरेश प्रसाद, प्रमोद तिवारी, दिनेश चौधरी र पोखरियाकी उपप्रमुख रूबि ठाकुर लगायतको सहभागिता थियो।

सहकारीले झुक्याउने....

नदिएको गुनासो गरेका छन्।

सोही सहकारीमा केही वर्ष कार्यरत श्रीसियाका जनकलाल साहले आफू कार्यरत रहँदा नगद सङ्कलन गरेको र सोबापत संस्थाले छ लाखको ग्यारेन्टी कागज बनाएको र पछि तलबमा कुरा नमिल्दा नोकरी छाडेको दुई वर्षपछि अदालतमा सोही कागजको आधारमा मुद्दा दिएको बताए। उनले पनि सहकारीको नीति ठीक नभएको बताएका छन्।

एम्बुलेन्स नहुँदा बिरामी....

ल्याइएकामध्ये बढीमा सात/आठ जनाको मात्र मृत्यु भएको अनुमान छ। यसमा पनि कतिपय बिरामीलाई ल्याउँदा ल्याउँदै बाटोमैं मृत्यु भइसकेको अवस्थामा ल्याइएका घटनाहरू पनि रहेको जनाएको छ। १० वर्षभन्दा कम उमेरका बालबालिका वा अन्य उमेरका सर्पदंशका गम्भीर अवस्थाका बिरामीलाई सुविधायुक्त अस्पतालमा रेफर गर्ने गरेको केन्द्रका चिकित्सक प्रिन्स तिवारीले बताए।

स्वास्थ्य अवस्था जटिल भएका बिरामीहरूको उपचारका लागि भेन्टिलेटरसँगै थप दक्ष जनशक्ति आवश्यक पर्ने डा तिवारीले बताए। गोमन, करेत जस्ता विषालु सर्पको डसाइबाट सुरक्षित हुन खेतबारी वा घाँस दाउराका लागि वनजङ्गल जाँदा घुँडासम्म आउने गम्बुटको प्रयोग गर्नुपर्ने, साँझ/राति घरबाहिर हिंड्डुल गर्नुपर्दा टर्चलाइटको प्रयोग गर्नुपर्ने, ओछ्यानमा सुत्नुअघि सुत्ने ठाउँमा राम्ररी हेरी सतर्कता अपनाउनुपर्ने, अनिवार्य झुलको प्रयोग गरी राम्ररी थिचेर सुत्ने जस्ता सामान्य कुरालाई ध्यानमा राख्दा सर्पको डसाइबाट धेरै हदसम्म सुरक्षित हुन सकिने डा तिवारी बताए।

केन्द्रमा अन्य विभिन्न बिरामीहरू दैनिक ५० देखि डेढ सयजना आउने गरेका छन्। स्वास्थ्य केन्द्रमा बिरामीहरूको चाप बढे पनि दक्ष चिकित्सकको अभाव छ। यहाँ एकजना चिकित्सक र स्वास्थ्यकर्मीलगायत २२ जना कार्यरत छन्। यहाँ करारमा कार्यरत स्वास्थ्यकर्मीहरूले नेपाल सरकारले तोकेको न्यूनतम तलब सुविधासमेत नपाएको गुनासो गरेका छन्।